# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, चैत ३० गते २०५७ साल (अतिरिक्ताङ्क ६७

## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### २०५७ सालको अध्यादेश नं. ४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

११६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# स्वास्थ्य सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावनाः स्वास्थ्य सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस अध्यादेशको नाम "स्वास्थ्य सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश, २०५७" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ मा संशोधनः नेपाल स्वास्थ्य सेवा ऐन,२०५३ को,-

(१) दफा ३७ को उपदफा (३) मा रहेका "निजको शुरु स्केलको एक दिनको तलब बराबरको तलब वृद्धि पाउनेछ" भन्ने शब्दहरुको सट्टा "तोकिए बमोजिमको रकम तलब वृद्धि पाउनेछ । तर यसरी तलब वृद्धि तोकिंदा सम्बन्धित कर्मचारीले खाईपाई आएको रकममा नघट्ने गरी तलब वृद्धि संख्या मिलान गरिनेछ" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ४६ मा रहेका "बीस वर्ष सेवा अवधि पूरा गरिसकेका कर्मचारीले" भन्ने शब्दहरुको सट्टा "निवृत्तिभरण पाउने अवस्था र उमेरको हद पचास वर्ष पूरा भएका कर्मचारीले" भन्ने शब्दहरु राखिएका छन् ।

३. नेपाल मेडिकल काउन्सिल ऐन, २०२० मा संशोधनः नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को,-

(१) दफा ४ को सट्टा देहायको दफा ४ राखिएकोछः-

"४. काउन्सिलको गठनः दफा ३ बमोजिम स्थापना भएको काउन्सिलमा देहायका सदस्य रहनेछन् :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) दर्तावाला चिकित्सकको रुपमा कम्तीमा बीस वर्षको अनुभव हासिल गरेको र चिकित्सा सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त चिकित्सक मध्ये श्री ५ को सरकारबाट मनोनीत -अध्यक्ष

(ख) दर्तावाला चिकित्सकहरुले कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेका दर्तावाला चिकित्सक मध्येबाट तोकिए बमोजिम निर्वाचनगरी पठाएको चिकित्सक एकजना -उपाध्यक्ष

(ग) अध्यक्ष, नेपाल चिकित्सक संघ -सदस्य

(घ) आधुनिक चिकित्साशास्त्र सम्बन्धी विषयमा अध्ययन हुने विश्वविद्यालय वा स्वास्थ्य विज्ञान प्रतिष्ठानका डीन वा शिक्षाध्यक्षमध्ये श्री ५ को सरकारबाट मनोनीत एकजना -सदस्य

(ङ) उपभोक्ताहरु मध्ये श्री ५ को सरकारबाट मनोनीत एकजना -सदस्य

(च) दर्तावाला चिकित्सक मध्ये तोकिए बमोजिम निर्वाचित चिकित्सक आठजना -सदस्य

(छ) अध्यक्ष, नेपाल दन्त चिकित्सक संघ -सदस्य

(ज) दन्त चिकित्सक बाहेक चिकित्सा सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर उपाधि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

प्राप्त चिकित्सक मध्ये श्री ५ को सरकारबाट मनोनीत तीनजना -सदस्य

(झ) कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त दन्त चिकित्सक मध्ये श्री ५ को सरकारबाट मनोनीत दुईजना -सदस्य

(२) दफा ६ को खण्ड (घ) मा रहेका "एम.बी.बी. एस. वा सो सरह" भन्ने शब्दहरु पछि "वा बी.डी.एस. वा सो सरह " भन्ने शब्दहरु थपी, सोही खण्डको प्रतिवन्धात्मक वाक्यांशमा रहेका "खण्ड (ख), (च) र (छ)" भन्ने शब्दहरुको सट्टा "खण्ड (च)" भन्ने शब्दहरु राखिएका छन् ।

४. बचाउ : मिति २०५७ साल कात्तिक ९ गते जारी भएको स्वास्थ्य सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश, २०५७ बमोजिम भए गरेका काम कारवाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।

लालमोहर सदर मिति:- २०५७।१२।३०।५

आज्ञाले,

**उदय नेपाली श्रेष्ठ**

**श्री ५ को सरकारको सचिव**



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।